भूमे गाउँपालिका

# सम्पादकीय

# भूमे साप्ताहिक

वर्ष ६ अङ्क २५ २०८१ माघ ०६
आईतबार



## जनप्रतिनिधि र नागरिक बिच हातेमालोको खाँचो

लोकतन्त्रको मूल आधार जनताको प्रतिनिधित्व हो। जनप्रतिनिधि र नागरिकबीचको सम्बन्ध पारदर्शी, जवाफदेही र सहकार्ययुक्त भए मात्र समाजमा दिगो विकास सम्भव हुन्छ। तर नेपालजस्तो विकाशोन्मुख मुलुकमा यो सम्बन्ध धेरैजसो समय औपचारिकतामा सीमित देखिन्छ। यसले गर्दा नीतिगत योजनामा नागरिकको वास्तविक समस्या ओझेलमा पर्ने र जनप्रतिनिधिमा नागरिकको विश्वास खस्कने खतरा बढेको छ।

जनप्रतिनिधि र नागरिकबीचको हातेमालो भनेको केवल चुनावी घोषणामा सीमित हुन सक्दैन। यो सम्बन्ध नागरिकहरूको दिनचर्यामा प्रत्यक्ष असर गर्ने नीति निर्माण देखि सेवा वितरण सम्मको प्रक्रियामा देखिनुपर्छ। जनप्रतिनिधिले आफू निर्वाचित भएपछि नागरिकसँग संवादलाई प्राथमिकता दिनुपर्छ। कुनै पनि योजना अघि बढाउनुअघि त्यसको प्रभाव, सम्भावना र चुनौतीबारे नागरिकको राय संकलन गरिनुपर्छ। नागरिकले पनि आफ्नो दायित्व बुझेका र सक्रिय सहभागिता जनाउने हो भने समाजको अनुहार बदल्न धेरै समय लाग्दैन।

जनप्रतिनिधि नागरिकहरूसँग नियमित संवाद, गाउँ–गाउँमा सार्वजनिक सुनुवाइ कार्यक्रम र समस्याको समाधानमा सक्रियता जनाउनुपर्छ। त्यसैगरी, नागरिकले पनि सरकार र जनप्रतिनिधिहरूलाई सहयोग गर्न, आफ्नो विचार पु¥याउन र समाजमा सकारात्मक भूमिका निर्वाह गर्नुपर्छ।

हातेमालोको सन्देश भनेको साझा प्रयास हो। जनप्रतिनिधिले नीतिगत र व्यवस्थापकीय क्षमता ल्याउने हो भने नागरिकले त्यसको कार्यान्वयनमा सक्रिय सहभागिता जनाउने वातावरण निर्माण गर्नुपर्छ। दुवै पक्ष एकसाथ अघि बढ्न सके मात्र समृद्ध नेपाल र सुखी नेपालीको नारालाई सार्थक बनाउन सकिन्छ। समाजको विकास जनप्रतिनिधि र नागरिक दुवैको सहकार्यमा निर्भर छ। हातेमालो गरौं, समृद्धिका ढोका खोलौं।

प्रकाशक

भूमे गाउँपालिका
गाउँ कार्यपालिकाको
कार्यालय

खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश नेपाल

# भूमे गाउँपालिकाको हिउँदे अधिवेशन सम्पन्न

## न्यायिक समिति :१६ उजुरी मध्ये १३ फछ्र्योट




❖ बालाराम शेर्पाली

रुकुमपूर्व भूमे गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ को हिउँदे अधिवेशन सम्पन्न भएको छ। आइतबार बसेको भूमे गाउँपालिकाको यस आर्थिक वर्षको हिउँदे अधिवेशन सम्पन्न भएको हो। हिउँदे अधिवेशनमा विभिन्न ४ कार्यसूचिमा छलफल गरिएको थियो। न्यायिक समितिको सम्पादित कामको वार्षिक प्रतिवेदन प्रस्तुत, स्थानीय तह संस्थागत स्वमूल्यांकन प्रतिवेदन, विभिन्न योजनाको रकमान्तर सम्बन्धी छलफल र भूमे गाउँपालिकाको संगठन तथा व्यवस्थापन प्रतिवेदन माथि छलफल गरी निर्णयहरु पारित गरिएको गाउँपालिकाका प्रवक्ता नाराणय पुन मगरले बताउनुभयो। गाउँ सभाका अध्यक्ष होमप्रकाश श्रेष्ठको अध्यक्षमा भएको हिउँदे अधिवेशन स्वागत




मन्तव्य गाउँपालिकाका उपाध्यक्ष सविना बुढाले राख्नु भएको थियो।

सैगरी भूमे गाउँपालिकाको न्यायिक समितिमा दर्ता भएका १६ उजुरी मध्ये १३ उजुरी फछ्र्यौट (फैसला)गरिएको छ। आइतबार भूमे गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ को हिउँदे अधिवेशनमा गाउँपालिकाका उपाध्यक्ष एवं न्यायिक समितिका संयोजक सविना बुढामगरले समितिमा दर्ता भएका उजुरीको वार्षिक प्रतिवेदन पेश गर्नु भएको हो।

संयोजक बुढामगरले पेश गर्नु भएको न्यायिक समितिको वार्षिक कार्य सम्पादनमा आर्थिक वर्ष २०८०/८१देखि २०८१/०८२ सम्म समितिमा दर्ता भएको १६ उजुरी मध्ये १३ वटा उजुरी फैसला गरिएको उहाँले बताउनुभयो। बाँकी ३ उजुरी छलफलकै क्रममा रहेको संयोजकले बताउनुभयो। विभिन्न स्रोत साधनको कमीको बाबजुदबाट न्यायिक सम्बन्धी काम भइरहेको समेत बुढामगरले बताउनुभयो।

# झुम्लाबाङमा फलाम खानी उत्खननका लागि छलफल

## *देशकै सबैभन्दा ठूलो मात्राको फलाम रहेको पुष्टि*

❖ बालाराम शेर्पाली

रुकुमपूर्व भूमे गाउँपालिका–३, झुम्लाबाङमा फलाम खानीको प्राविधिक अध्ययन गत वर्ष भएको थियो। खानी तथा भूगर्भ विभागका अनुसार झुम्लाबाङमा भूगर्भ विभागका भूगर्भविद् डा. सौनक भण्डारी र सुजन देवकोटाको नेतृत्वमा गरिएको प्रारम्भिक अध्ययनले झुम्लाबाङमा फलाम खानी ठूलो मात्रामा रहेको पुष्टि गरेका थियो। गएको बिहिवार भूमे गाउँपालिकाका अध्यक्ष होमप्रकाश



श्रेष्ठ, वडाध्यक्ष प्रशुराम बुढा मगर, अखिल क्रान्तिकारी रुकुमपूर्वका अध्यक्ष चन्द्र रसाइली, नेपाल पत्रकार महासंघ रुकुमपूर्वका उपाध्यक्ष बालाराम शेर्पाली, युवा तथा समाजसेवी, बुद्धिजीवि लगायत टिमले झुम्लाबाङका स्थानीय नागरिकसँग फलाम खानीका प्रतिनिधि र सरोकारवाला निकायसँग फलाम उत्खननका लागि डीपीआर विषयमा छलफल गरेको छ।

फलाम खानीको सम्भावित स्रोतका रूपमा चिनिएको यस क्षेत्रको खनिज स्रोतको प्राविधिक अध्ययन गर्न सरकार तथा विभिन्न संस्थाहरूले प्रयास गरेका छन्। प्रारम्भिक अनुसन्धान तथा नमुना परीक्षण काम अगाडि बढाएको खानी विभागका प्रतिनिधिले जानकारी दिएका छन्। झुम्लाबाङमा फलाम खानीको ठूलो सम्भावना रहेको प्रारम्भिक प्रतिवेदनले देखाएको बताइएको छ।

प्राविधिक अध्ययनले खानी उत्खनन, प्रशोधन र यसबाट उत्पादन गर्न सकिने फलामजन्य सामग्रीहरूका सम्भावनाहरू वातावरणीय प्रभाव, आर्थिक लाभ र स्थानीय रोजगारीको सिर्जना जस्ता पक्षहरू पनि मूल्याङ्कन गरिएको खानी तथा भूगर्भविद्ले झुम्लाबाङमा फलाम खानीबारे अध्ययन गरिसकेका छन्।

खानी विभागका अनुसार, झुम्लाबाङमा करिब २० करोड मेट्रिकटन फलाम रहेको प्रारम्भिक अनुमान गरेको जानकारी दिएको छ। हाल सम्मको भूगर्भविद्का अध्ययन अनुसार नेपालकै सबैभन्दा ठूलो फलाम खानीको रूपमा रहेको भूमे गाउँपालिका अध्यक्ष होमप्रकाश श्रेष्ठले बताउनुभयो। अध्यक्ष श्रेष्ठले भन्नुभयो, “झुम्लाबाङमा रहेको फलाम खानीले रुकुमपूर्वमा मात्रै नभएर देशलाई नै आर्थिक रुपमा टेवा पु¥याउने छ। भने भूमे गाउँपालिकाको लागि गौरव र गर्वको विषय बन्ने छ।”

झुम्लाबाङका नागरिक देशलाई ठूलो आर्थिक रुपमा टेवा पुगे पनि कतै खानी उत्खननका कारण आफ्नो बसोबास स्थान गुम्न सक्ने चिन्ता व्यक्त गर्दै स्थानीय ओमप्रकाश सुनारले खानी उत्खनन प्रक्रियामा स्थानीय समुदायको हित र पुनःस्थापनालाई ध्यानमा राखेर योजना बनाउन नागरिकले अपेक्षा गरेका छन्।

# माघे सङ्क्रान्तिः परम्परा र पहिचानको संरक्षण गर्न धनुषवाण प्रतियोगिता



रुकुमपूर्व भुमे गाउँपालिका–७ धर्मशाला टोलका खरदरी तथा पैसेरी समूहको आयोजनामा धनुषवाण तथा रस्साकसी प्रतियोगिता कार्यक्रम गरिएको छ। धनुषवाण प्रतियोगिता मात्र खेलकुद नभएर सांस्कृतिक धरोहरको महत्त्वपूर्ण हिस्सा भएको स्थानीय लोकबहादुर रोकाले बताउनुभयो।

भूमे गाउँपालिकामा मात्र नभई रुकुमपूर्वको दर्जनौं गाउँमा पुर्खा देखि मान्दै आएको परम्परा, इतिहास र मौलिकता सहितको चाडपर्व जीवितै रहेको रोकोले बताउनुभयो। लोकबहादुरले इतिहास कोत्याउदै धनुषवाण नेपाली परम्परागत युद्धकला / आत्मरक्षाको साधन भएको बताउनुभयो।

उहाँका अनुसार इतिहासमा मानिसले शिकार र युद्धमा अत्याधिक प्रयोग हुने साधन मात्र धनुषवाण भएको बताउनुभयो। तर पछिल्लो युवा पुस्ताले भने संस्कृति प्रति मोह नगर्दा आधुनिकतासँगै मौलिक संस्कृति लोप हुँदै गइरहेको बताउनुभयो। यस्तै पुथाउत्तरगंगा गाउँपालिका–१० तक गाउँका स्थानीय तथा पत्रकार मैत्या घर्ती मगरले धनुषवाण प्रतियोगिता केवल मनोरञ्जनको साधन होईन। यो सांस्कृतिक जगेर्नाको महत्वपूर्ण आधार भएको बताउनुभयो। गाउँमा स्थानीयहरूको भावना र उत्साहले यस्ता प्रतियोगिताहरूलाई दीर्घकालीन योजना बनाएर जगेर्नाका लागि घरआँगनमै रहेको स्थानीय सकारले कमद चाल्नु पर्ने उहाँले बताउनुभयो। भूमे–७ धर्मशालामा भएको धनुषवाण प्रतियोगितामा प्रथम हुने संविधान रोकाले नगद दुई हजार प्राप्त गर्नु भएको छ। भने दोस्रो हुने कोसिस रोकाले १ हजार ५ सय प्राप्त गर्दा तेस्रो हुने सुरेन्द्र रोकाले १ हजार र सान्त्वना हुने वित्सप नेपालीले ५ सय पुरस्कार प्राप्त गर्नुभएको खरदरी समुह तथा पैसेरु नाचका अध्यक्ष लो बहादुर रोकाले जानकारी दिनुभयो। त्यस्तै रस्साकसी प्रतियोगिता अन्तर्गत पुरुष तर्फ ४ टिम मध्ये नवप्रगतिशिल युवा क्लबले रातो भाले प्राप्त गरेको थियो भने महिला तर्फ ४ टिम मध्ये सयपत्री आमा समूहले रातो भाले प्राप्त गरेको आयोजकले जनाएको छ।

भूमे साप्ताहिक
संस्कृति
६
वर्ष अङ्क २५ २०८१ माघ ०६
आईतबार

# छोरी चेली पुजेर माघी मनाउँदै



❖ सासाहिक समाचारदाता

माघी मगर समुदायको पनि विशेष पर्व हो। मगर समुदायको बाक्लो बसोबास रहेको रुकुम पूर्वमा यस पर्वलाई विशेष पर्वको रूपमा मनाउने गरिन्छ। मगरहरूको लागि भूम्या अर्थात् बल पूजा पछिको दोस्रो ठुलो पर्व माघी मानिन्छ। बिहानै उठेर छोरी चेलीलाई पुज्ने गरिन्छ। दाजु भाइहरूले दिदी बहिनीहरूलाई पुज्ने गर्दछन्। सुरुमा आफ्नै घरका छोरी चेलीलाई पुज्ने चलन छ।

त्यसपछि छरछिमेकका छोरी चेलीलाई पुज्ने गरिन्छ। छोरी चेलीलाई पुजिसके पछि लत्ताकपडा र मिठो खाने परिकार दिएर माघी पर्व सुरु भएको मानिन्छ। यसरी नै जिल्लाका तीन स्थानीय तहमा बसोबास गर्ने मगर समुदायले माघी पर्व मनाउने गरेका छन्। पुथाउत्तरगंगा र भूमेको तुलनामा सिस्ने गाउँपालिका मगर समुदायको बसोबास थोरै छ,यसले गर्दा पनि सिस्ने माघीको रौनक त्यति हुँदैन।

पुस मसान्तको राँगा तथा खसी बोका काटिन्छ, पिँडालु तथा तरुल पकाएर खाइन्छ। माघ १ अर्थात् आजको दिन छोरी चेलीलाई नपुजेर अरू काम हुँदैन। छोरी चेलीलाई पुजी सके पछि गाउँमा धनुष वाण मार्फत हरेक टोलमा तारो अर्थात् तीर हान्ने, छेलो फाल्ने प्रतियोगिता हुन्छन्। विजेतालाई पुरस्कारको व्यवस्था गरिएको हुन्छ। पुरस्कार तथा खर्च व्यवस्थापनको लागि भनेर टोल टोलमा नाचगान गरेर सङ्कलन गरेको सहयोगले तीर हान्ने तथा छेलो फाल्ने प्रतियोगिता समापन गरिन्छ।

माघी मनाउने यो मगर समुदायको पुरानै चलन हो। यहाँ तीन दिन सम्म यो पर्व मनाउने गरिन्छ।

नाचगान, तीर हान्ने देखि बेहुली पोल्ने गरिन्छ। पराल तथा खरलाई कपडाले बेरेर बेहुली बनाइएको हुन्छ। गाँजा बाजा सहित गाउँ नजिकैको खोलामा गएर बेहुली पोल्ने गरिन्छ। यो मगर समुदायको पुरानो चलन पुथाउत्तरगंगा गाउँपालिका १२ कोलका गङ्गा पुनले बताउनुभयो।

## चेली पुज्ने चलन

यो माघीमा छोरी–चेली पुज्ने चलन छ। भालेको डाको सँगै उठ्यो। घरमा भएका चेली–बेटीलाई पुज्यो। बिहान ४ बजेर उठेर निराहार रही घरका अविवाहित चेली–बेटीलाई पुजेपछि माघे सङ्क्रान्ति पर्व सुरु भएको मानिन्छ। विशेष गरी दाजुभाइले दिदीबहिनीलाई पुज्ने, लत्ता कपडा तथा उपहारहरू दिने गर्दछन्। घरका चेली–बेटीलाई पूजि सकेपछि उनीहरू छरछिमेक गाउँका अरू चेली–बेटीलाई पुजेपछि अरू सामूहिक कार्यक्रम हुन्छन्। जिल्लाका पुथाउत्तरगंगा र भूमे गाउँपालिकाको मगर बस्तीमा माघे सङ्क्रान्ति मनाउने तरिका हो यो।

पौष मसान्तका दिन राँगा तथा खसी, बोका काटिन्छ, सखरखण्ड तथा अरू कन्दमूल पकाएर राखिन्छ। माघ १ गतेको बिहानै चेली–बेटी पुजिन्छ। घरकी चेली–बेटी पुज्ने काम सबभन्दा पहिला हुन्छ। घरका छोरी–चेली नपुजी यो दिन अरू कुनै काम सुरु हुँदैन।

पुथाउत्तरगंगा गाउँपालिकाका १४ वटै र भूमे गाउँपालिकाका अधिकांश वडामा माघे संक्रान्ति अर्थात् माघी यसै गरी मनाइन्छ। विशेष गरी पुथाउत्तरगंगा गाउँपालिकाका केही वडामा तिहारको सट्टामा माघे सङ्क्रान्ति दिन चेली–बेटीलाई पुज्ने र सम्मान गर्ने गरिन्छ। यो पुरानै चलन भएको पुथाउत्तरगंगा गाउँपालिका–१, मैकोटका विकास पुन मगरले बताउनुभयो। चेली–बेटी पुजिसकेपछि गाउँमा तिर हान्ने प्रतियोगिता सुरु हुन्छ।

# दलित समुदायलाई हात्तीको देखाउने दाँतको रुपमा मात्र उपयोग गर्दै आएका छन् : मोर्चा केन्द्रीय संयोजक कामी



*सयुक्त उत्पीडित जातीय मोर्चा नेपालको केन्द्रीय संयोजक उपेन्द्रलाल कामी*

**तपाइको ब्यक्तिगत परिचय दिनुहुन्छ की ?**

म उपेन्द्रलाल कामी। मेरो जन्म स्थान सिस्ने गाउँपालिका ६ खोपीचार रुकुम (पूर्व) हो। म अहिले संयुक्त उत्पीडित जातीय मोर्चा नेपालको केन्द्रीय संयोजकको जिम्मेवारी भूमिकामा रहेको छु।

**तपाइको आफ्नो जीवनमा जातीय बिभेद तथा छुवाछुतको ब्यवहार र भोगाइको के–कस्तो अनुभूति गर्नुभएको छ ?**

हिन्दु सामन्ती आर्य शासकीय वर्णाश्रम जात ब्यवस्थाले लादेको जातीय भेदभाव तथा छुवाछुतको समस्या शिल्पकारी उत्पीडित समुदायले जे–जस्तो भोग्दै आए त्यो भन्दा खासै फरक भोगाइ त मेरो छैन। बिभेदको सन्दर्भमा ब्यक्तिसंगको गरिने ब्यवहारमा ठाउँ, समय र परिस्थिती अनुसार फरक जस्तो देखिएता पनि जातीय बिभेदको अनुभूतिजन्य पीडा सबैको एउटै हो।

**समाजमा जातीय बिभेद तथा छुवाछुतको अन्त्य गर्न भएका प्रयास र प्रगतिहरु के–कस्तो रहेको पाउनु भएको छ ?** बिभिन्न समयमा भएका राजनीतिक, सामाजिक तथा दलित मुक्ति आन्दोलनहरुले आफ्नो समयमा महत्वपूर्ण भूमिका निर्वाह गरेका कारण संबिधानमा पनि उत्पीडित जाति,समुदायका हक अधिकारहरु सुनिश्चित हुँदै आएका छन्। पञ्चायती ब्यवस्थामै पनि राजा महेन्द्रले मुलुकी ऐन जारी गरेर सुधारात्मक प्रयास गरेको पनि पाइन्छ। तर नेपालको समग्र राजनीतिक प्रणाली र राज्यको संरचना नै बिभेदकारी जात ब्यवस्थाको जगमा आधारित भएकोले आज सम्मका प्रयासहरु वर्णाश्रम जात ब्यवस्थाका बिषालु बृक्षका हाँगा पातहरु काट्ने जस्तो मात्र काम भएको छ जरैदेखि उखेलेर फाल्ने काम भएको छैन।

**जातीय बिभेद तथा छुवाछुतको अन्त्यका लागी वर्तमान संबैधानिक तथा कानुनी ब्यवस्थाका प्राब्धानहरु पर्याप्त छन् कि छैनन् ? तपाइलाई कस्तो लाग्छ ?**

बिभेदकारी जात ब्यवस्थाका संरचनागत जीवित अवशेषहरुलाई यथावतै राखि गरिएका सुधारात्मक परिवर्तनको नजरबाट हेर्दा अहिलेको संबैधानिक प्राब्धान एवं कानुनी ब्यवस्थाले धेरै कुराहरुलाई सम्बोधन गरेको पाइन्छ तर कार्यान्वयनको पाटोबाट हेर्ने हो भने कचौरामा राखेको दुधको सुरक्षा गर्ने जिम्मा बिरालोलाई दिएको जस्तै भइरहेको छ। बिभेदकारी जात ब्यवस्थाको संरचनालाई शासकहरुले भत्काउनै चाहैनन् भन्ने कुरा बनेका सुधारात्मक परिवर्तनका संबैधानिक तथा कानुनी प्राब्धानहरुको कार्यान्वयनमा उदासिनता देखाउने प्रवृत्तिले पनि प्रष्ट पारेको छ।

**जातीय बिभेद तथा छुवाछुतको अन्त्यका लागी शिक्षाको भूमिका के–कस्तो हुनुपर्छ** ?

कुनैपनि विकास र सामाजिक परिवर्तनको लागी शिक्षाको भूमिका अति नै महत्वपूर्ण हुनेगर्छ। जातीय बिभेद तथा छुवाछुत अन्त्यका लागी त झन शिक्षा अपरिहार्य छ। अंग्रेजीमा एउटा भनाइ छ **Development is impossible without good education and sanitation.** अर्थात असल शिक्षा र स्वच्छता बिनाको बिकास असम्भव नै। तर अहिलेसम्मको हाम्रो शिक्षा प्रणाली मुठ्ठिभर बिषयबिज्ञ कहलाउने शैक्षिक माफियाको स्वार्थबाट चल्दै आइरहेकोले बिभेदकारी,अब्यवहारिक र अबैज्ञानिक तौरबाट नीजिकरण, ब्यापारिकरण हुँदै सामुदायिक बिद्यालयको कमजोर ब्यवस्थापनबाट बेरोजगार शैक्षिक जनशक्ति उत्पादन गर्ने कारखाना जस्तो बन्न पुगेको छ। यहीँ अवस्थाको निरन्तरता अबको दस बर्षसम्म रहिरह्यो भने देशको स्थिती अझै भयावह बन्ने देखिन्छ।

**तपाइ दलित समुदायको अगुवा हुनुको नाताले दलित समुदायको युवा पुस्ताले जातीय बिभेद तथा छुवाछुत अन्त्यका  लागी निर्वाह गरिरहहेको भूमिका बारे के–कस्तो मूल्याङ्कन गरिरहनुभएको छ** ?

युवाको चाहना र स्वभाव नवितम सोंच एवं अग्रगामी परिवर्तनको दिशातिर नै परिलक्षित भएको हुन्छ। यो कुरा स्वभाविक नै हो। तर अहिलेको हाम्रो युवापुस्ता राजनीतिक बिचार र सामाजिक ब्यवहारबाट टाढा रहँदै आएको अवस्था छ। आधुनिक सूचना प्रबिधिको सदुपयोग भन्दापनि दुरुपयोग गर्ने,उत्पादनमुखी भन्दापनि उपभोक्तावादी, सुबिधाभोगी मानसिकताले ग्रस्त बनाइरहेको छ। अधैर्यता र महत्वाकांक्षी सोंचले निराशातिर धकेलिंदै गएर अन्ततः बिदेश पलायन हुँदै जाने वा कुलतमा फस्दै जाने क्रमपनि तिब्र रुपले बढिरहेको अवस्था छ। जातीय बिभेदकारी चिन्तन–प्रवृत्तिसंग जुध्ने भन्दापनि आफ्नो वास्तविक थर परिवर्तन गरेर गैरदलितको जातीय थर राखेर समस्याबाट आफुमात्रै मुक्त हुन चाहने तर बिभेदको पीडालाई लुकाएरै बस्ने प्रवृति पनि पछिल्लो समयमा बढ्दो क्रममा छ। यसलाई सकारात्मक संकेत मान्न सकिदैन।

**जातीय समानताका लागी राज्य, सामाजिक संस्था र दलित समुदायका अधिकारकर्मीहरुको भूमिका एवंम सहकार्य कस्तो हुनुपर्छ जस्तो लाग्छ यहाँलाई ?**
जातीय बिभेद तथा छुवाछुत अन्त्यका लागी राज्यले संबिधान तथा कानुनमा बनेका प्राब्धानहरुलाई प्रभावकारी ढंगले लागु गर्न राज्यका सम्पूर्ण निकायहरुलाई क्रियाशील बनाउदै बिभेद रहितको अर्थपूर्ण समावेशी चरित्रको संरचना निर्माणमा बिशेष ध्यान दिनुपर्दछ भने सामाजिक संस्थाहरुले जागरणमुलक सामाजिक अन्तरघुलनका कार्यक्रमहरु सञ्चालन गर्दै जाने र उत्पीडित जाति, समुदायका अधिकारकर्मीहरुले साझा सवालमा संयुक्त रुपमा एकीकृत भाव पैदा गरेर जनपरिचालन गर्ने, नीति निर्माण तथा कार्यान्वयनमा राज्यलाई रचनात्मक जनदवाव सृजना गर्नुका साथै सबैसंग समन्वय, सहकार्य गरेर सवालहरु सम्बोधन गराउन प्रभावकारी पहलकदमी लिने कुरामा बिशेष जोड दिनुपर्ने हुन्छ।

**अन्तरजातीय बिवाह सामाजिक रुपान्तरणको लागी कत्तिको महत्वपूर्ण छ जस्तो लाग्छ तपाइलाई ?**
अन्तरजातीय बिवाह सामाजिक अन्तरघुलन तथा रुपान्तरणका लागी अति महत्वपूर्ण छ।जातीय बिभेद तथा छुवाछुत अन्त्य गर्ने अभियानमा यसले निकै ठुलो टेवा पुर्‍याउछ।त्यतिमात्र नभइ मानिसको जातीय नक्ष्ल सुधारको लागी जैविक कारणले पनि बैज्ञानिक र ब्यवहारिक अभ्यास गर्न अन्तरजातीय बिवाहलाई राज्य र समाजले प्रोत्साहन गर्नुपर्ने आवश्यक देखिन्छ।

**जातीय बिभेद तथा छुवाछूत बिरुद्धको जातीय मुक्ति आन्दोलनको इतिहासलाई तपाइ कसरि हेर्नुभएको छ ?**नेपालमा जातीय बिभेद तथा छुवाछुत बिरुद्धको आन्दोलनको इतिहास २००३ सालदेखि बाग्लुङका भगत सर्बजित बिश्वकर्मा, काठमाडाका सहर्षनाथ कपाली, धरानका जदुबिर बिश्वकर्माको नेतृत्वबाट संगठित रुपले अगाडी बढेको दलित मुक्ति आन्दोलन बिभिन्न कालखण्डमा उतार–चढाव हुँदै आउने क्रममा ऐतिहासिक महत्वका संघर्षहरु पनि भएका छन्।ति संघर्षहरुले राजनीतिक वृत्तबाट राज्य र समाजमा सुधारात्मक परिवर्तन गर्नमा महत्वपूर्ण भूमिका निर्वाह गरेको भएता पनि वर्णाश्रम बिभेदकारी जात ब्यवस्थाको संरचना र संस्कारमै आमुल परिवर्तन ल्याउने गरि सशक्त ढंगले प्रभावकारी आन्दोलनको आँधीबेहरी सृजना गरन् नसक्नु बिडम्बना नै मान्नुपर्छ।

**नेपालका प्रमुख राजनीतिक दलहरुले दलितका सवालहरुलाई कत्तिको महत्व दिएर प्राथमिकतामा राखेको पाउनु भएको छ ?** नेपालका प्रमुख रजनीतिक दलहरुले आफ्नो पार्टीको बिधानमा र राजनीतिक दस्तावेजमा दलितका लागी भनेर कसैले आरक्षण, कसैले प्रगतिशील आरक्षण र कसैले बिशेष अधिकारको ब्यवस्था गरेर दलित भातृ संगठनहरुलाई बैचारिक दाम्लोले बाँधेर पार्टी

भित्रका उत्पीडित जातिका केही प्रतिनिधि पात्रहरुलाई लाभको पदमा पु¥याएर हात्तीको देखाउने दाँतको रुपमा मात्र उपयोग गर्दै आएको पाइन्छ। पार्टी संगठनभित्र उत्पीडित समुदायको नेतृत्व बिकास, सम्मानजनक जातीय पहिचान र अवसरहरुमा समान पहुँच बनाउने कुरामा प्रमुख दलहरुको खासै ध्यान गएको पाइदैन।

**नेपालको जातीय बिभेद तथा छुवाछुतको समस्या ग्रामिण र शहरी क्षेत्रमा के–कति फरक रहेको पाउनु भएको छ ?**

नेपालको जातीय बिभेद र छुवाछुतको समस्या गाउँ र शहरमा खासै फरक रहेको पाइदैन। जस्तो गाउँमा अझैपनि दलितलाई घर प्रवेशमा अघोषित प्रतिबन्ध जस्तै छ भने शहरमा कोठाभाडा लिन जातीय पहिचानको थर लुकाउनुपर्ने बाध्यता छ। अन्तरजातीय प्रेम बिवाहलाई गाउँ र शहरमा रहेका एकाध अभिभावक बाहेक धेरैले सहर्षका साथ स्वीकार गरिएको अवस्था छैन भने जवरजस्ती करणीको मुद्दा लगाइदिने देखि हत्या गर्ने सम्मका अपराधहरु भएको पाइन्छ। अवसरहरुबाट बञ्चित गर्नेदेखि लिएर तल्लो जात र उपल्लो जातको जातीय मनोबिज्ञानबाट गरिने बिभेदकारी ब्यवहारहरु गाउँ र शहरमा अझैसम्म कायमै रहेको पाइन्छ।


**तपाइको बिचारमा जातीय बिभेद तथा छुवाछुतको समस्या पूर्ण रुपमा अन्त्य कहिले हुन्छ जस्तो लाग्छ ?**जातीय बिभेद र छुवाछुतको समस्या पूर्ण रुपमा समाधान हुनलाई नामको पछाडी अनिवार्य जातीय थर लखेैपर्ने संबैधानिक तथा कानुनी प्राब्धानहरु हटाएर भुगोल वा बाबु आमाको नामको पहिचान जोड्ने प्राब्धान बनाइनु पर्छ या त जातीय नश्लको पहिचान खुलाएर समानता, सहअस्तित्व र पूर्ण समानुपातिक प्रतिनिधित्वको भएको संबैधानिक तथा कानुनी ब्यवस्था गरिनुपर्दछ। दलित पहिचानको शब्द जाति नभइ उत्पीडित जातिहरुको उत्पीडनको अवस्थाको पहिचानको शब्द भएको हुँदा यसलाई हटाएर जातीय नश्लको पहिचान दिने वा पेशाको आधारबाट भएको उत्पीडन हो भने शिल्पी वा बिश्वकर्माको सम्मानजनक पहिचान स्थापित गर्न नेपालका दलित अगुवाहरुको पनि बुझाइमा एकरुपता कायम गर्नुपर्ने आवश्यक देखिन्छ।

**अन्तमा केही भन्नु छ कि ?**

हाम्रो संयुक्त उत्पीडित जातीय मोर्चा नेपालले हिन्दु सामन्ती वर्णश्रम जात ब्यवस्थाबाट उत्पीडनमा परेका सबै नश्ल भित्रका उत्पीडित जातिहरुको सम्मानजनक पहिचान र अधिकारका लागी राजनैतिक,आर्थिक र सामाजिक रुपान्तरणको सवाल उठाएर साझा मोर्चाबाट संगठित रुपले सबै पक्षसंग समन्वय तथा सहकार्य गर्दै अगाडी बढेर समस्या समाधानको लागी प्रभावकारी भूमिका निर्वाह गर्ने उद्देश्य लिएको हुँदा हाम्रो मोर्चामा जोडिएर सहअस्तित्व सहितको सहकार्यका लागी हार्दिक अपील गर्दछु। धन्यवाद !

# छेवैमा रहेको बगरको सेतो ढुंगामा आफ्नै मुटुबाट चुहिरहेको रातो रगतले लेख्यो रूकुम ३६ को ईतिहास

<u>गनेश सिर्पाली</u>




सानो घरको भित्तामा अडेस लागेर फेसबुकको भित्तामा नजर डुलाउँदै थियो राजनब। घरि तल स्क्रोल घरि माथि। यो त फेसबुक प्रयोगकर्ता सबैको यस्तै हो क्यारे। यो लतले राजनबलाई पनि किन छोडोस्। यस्तैमा टक्क आँखा अडियो एक जना मात्र साझा साथी भएको नयाँ प्रोफाइलमा। नयाँ प्रोफाइलको नाम थियो। **(सोती बेनामी। सोती बेनामी अँ, सोती बेनामी।**

**राजनब आश्चर्यचकित भयो। नहोस् पनि कसरी नामै त्यस्तै थियो।** प्रोफाइल खोलेर हेर्यो। खोल्यो पृष्ठभूमि तस्बिर। कोट्यायो बायो। पढ्यो केही स्टाटस। हेर्यो केही फोटोहरू। ओहो १ स्वर्गकी अप्सरा जस्ती। भावीले फुर्सदमा कुँदेर बनाएकी जस्ती। पानपाते ओठ, मृगका जस्ता नयन। साह्रै मनपर्यो उसलाई। केटी जाति नै पहिलोचोटि देखेको त होइन तर उसलाई त्यस्तै केही भएको थियो। युगौं सम्बन्धमा भएजस्तो। वर्षौं सँगै बिताएको जस्तो। पहिलोचोटि मात्र त्यो पनि तस्बिरमा देखेको मान्छेप्रति किन यति आकर्षण बढेको हो। यसको जबाफ स्वयम् राजनबसँग पनि थिएन। यही भाव आवेशमा अघि सर्यो दायाँ हातको बुढीऔंला। ट्वाक्क फ्रेन्ड रिक्वेस्टको बटन थिच्यो। रिक्वेस्ट धनुषवाणको तीर बनेर गयो। पुग्दानपुग्दै लक भरमै रिक्वेस्ट एसेप्ट भयो।

मुसुक्क मुस्कुरायो राजनब।म्यासेन्जरमा हरियो बत्ती बल्यो।पक्का भयो सोती बेनामी अनलाइन छिन्।

**लेखिहाल्यो हाई म्यासेज सीन भयो तर जबाफ आएन।फेरि लेख्यो, हेलो, सोती बेनामी**

**फेरि म्यासेज सीन भयो तर जबाफ आएन।**

घमण्डको घैला १ ईर्ष्याले मुरमुरियो ऊ।कति घमण्डी केटी रहिछ, मनमनै यो अन्तिम चोटि हो भन्दै लेख्यो (नमस्ते, क्या साह्रो भाउ खाको।बोल्दैमा सानो भइँदैन नि हौ।सोती बेनामीद्वारा म्यासेज फेरि हेरियो, फेरि पनि रिप्लाई आएन।इगोले चुर राजनबलाई लाग्थ्यो अनफ्रेन्ड गरेर ब्लक ठोकिदिम्।यसको थुतुनो फेरि देख्न नपरोस्।एकमनले सोच्यो तर भविष्यको मिठो कल्पनाले रोक्यो उसलाई।

उसले सम्हाल्यो आफूलाई।निद्रादेवीको काखमा पल्टिने कोसिस गर्‍यो तर पटक्कै निद्रा परेन।रातैभरि उकुसमुकुस भयो उसलाई।हरारात जस्तै त्यो रात पनि बित्ने नै भयो।

भोलिपल्ट बिहानै गएरातिको घटना आलो भएर आयो।म सुतेदेखि पो केही म्यासेज आयो किरु कतै त्यो फेसबुक एकाउन्ट फेक त होइनर मलाई त्यो मान्छेप्रति किन यति आशक्ति बढेको र राजनबले आफैलाई प्रश्न गर्दै नित्यकर्मको रूपमा फेसबुक खोल्यो।

नभन्दै सोती बेनामीबाट म्यासेजको ओइरो आइरहेको थियो।पानीघट्ट जस्तै राजनबले पनि चपाउँदै गयो म्यासेजको ओइरो।

**सरी लु ,हिजो नेटले नै काम गरेन।के गर्नु आफू त दुर्गम रूकुमको परियो।**

**हामी जस्ताले के भाउ खानु हौ।तपाईं पो बरू ठूलो हुनुहोला।**

**अहिले पनि होमवर्क गर्नुछ।के गर्नु आफू त विद्यार्थी परियो, गरिबको जिन्दगी नि।**

**यस्तै यस्तै, मस्तै।**

एकैचोटिमा चिनजानको पर्दा उघारियो।पूरा परिचय पायो राजनबले।मन चंगा भयो उसको।मनकहाँ तनको काबुमा बस्छ र उड्छ यो त बायुपङ्खी घोडाजस्तै।उड्यो मन भुर्र।तर्यो भेरी नदी मनले।एकैछिनमा छुट्यो जाजरकोट।पुग्यो रूकुम।बस्यो थपक्क सोतीको गाउँमा।के लेखूँ के लेखूँ भयो उसलाई।

**लेख्यो (साह्रै खुसी लाग्यो। किन खुसी कुरा गर्न पाएकोमा।जबाफ फर्कायो।**

**जबाफसँगै प्रश्न तेर्स्यायो।फेसबुकमा खास नाम किन नलेखेको र किन सोती बेनामी लेखेको**

**कसैको खास बन्ने डरलु जबाफ आयो**

**जबाफ आयो तर प्रश्न बोकेर। राजनबले पहिलोचोटि थाहा पायो सबै जबाफमा उत्तर नहुने रहेछ। राजनबले पनि मनमनै फेसबुक नाम फेर्ने निर्णय लियो।**

**तत्काल निर्णय कार्यान्वयनमा गयो।**

**राजनब विश्वकर्मालाई सच्याएर बनायो प्रेमिल राजनब।**

**भर्खर अघिसम्मको राजनब विश्वकर्मा प्रेमिल राजनबु भयो। खै कहिलेदेखि कुन प्रसङ्गमा कुन नामबाट भएकी थिई ऊ सोती बेनामी।**

पुस १४ जाजरकोट रमाइलो मेला। यही मेलामा प्रेमिल राजनब र सोती बेनामीले पहिलो भेटको योजना बनाए। योजना बनाउन सजिलो थियो तर भेट्न मुस्किल। सोती बेनामी भेरी तरेर पुग्नुपर्ने थियो रमाइलो मेला। बस्नुपर्ने थियो उतै बास।

मुस्किलले घरमा कुरा मिलाई र हिंडी एकाबिहानै भालेको डाकोसँगै। उता राजनबलाई भने घरबाट निक्लिन त्यति गाह्रो थिएन। झन् अस्तिन नेपाल प्रहरीको शारीरिक परीक्षण परीक्षा पास गरेर हुनेवाला प्रहरी भएपछि उसको सानमानै बेग्लै भएको थियो।

**हजारौंको भिडमा राजनबका आँखाले एउटा मान्छे खोजिरहेका बेला पछाडिबाट कसैले उसको एकाग्रता भङ्ग गर्दै बोलायो ए, दाइ ?**

राजनबले पछि फर्केर हेर्यो। राजनबकी गाउँले बहिनी पूजा पो रहिछे। ऊ अचम्ममा पर्यो। अच्चमित हुनुको कारण भने बहिनी पूजालाई देखेर होइन।

पूजासँगै थिई राजनबको स्वर्णिम सपना सोती बेनामी। सोती बेनामी र प्रेमिल राजनबकी बहिनी पूजा त पहिले देखिकै मिल्ने साथी पो रहेछन्। अहोभाग्य ! राजनबलाई सजिलो भयो। सोती बेनामीको मुटुसम्म पुग्न भर्याङ बनेर आइपुगी पूजा बहिनी। जे हुनु थियो त्यो त फेसबुक र फोनबाट भैसकेको थियो। ता पनि परिचयको शृङ्खला जारी रह्यो।

**तपाईंको खास नाम के हो प्रेमिल राजनबले सोध्यो।**

**मेरो नाम सोती बेनामी हो। विश्वास लागेनरु**

**लाग्यो तर यो उपनाम होला। खास नाम भन्नु न।**

**मेरो खास नाम नै यही हो। सोती बेनामीको जबाफ।**

**सोती र बेनामीको अर्थ होला नि ?**

**सोती मेरो जन्मभूमि, बेनामी मेरो भविष्य।**

**बेनामी हुने भविष्यको योजनारु प्रेमिल राजनबले फेरि प्रश्न सोध्यो।**

बेनामी हुने पनि कसैको योजना होला त ! यो त मेरो भाग्य पो हो। उनको जबाफले झन् प्रेमिल राजनबलाई रिंगटा छुट्यो।

झनझन प्रश्न गर्दै जाँदा उसलाई झनझन बुझ्न कठिन भएजस्तो भयो।प्रश्न गर्न छोड्यो तर मनमा प्रश्न अड्डिरह्यो।सोती ? बेनामी ?

रमाइलो मेलामा हजारौं मान्छे हुँदा हुन्।प्रमिल राजनबको आँखा सोती बेनामी भन्दा बाहिर गएनन्।सोती बेनामीको आँखा पनि प्रेमिल राजनबमै गडेका थिए।त्यो दिन लकभरमै बितेजस्तो लाग्यो।साँझ दिन डुब्ने बेलामा गाँसबासको बारेमा छलफल चल्यो।नवगठित प्रेम सभाले पारित गर्यो जाजरकोट खलंगा प्रेमिल राजनब र पुजा बहिनीको गाउँ जाने योजना।मेला हिँडेकी सोती बेनामी हिँडी प्रेमीको गाउँ।हिँडी साथीको घर।बोकेर सुन्दर सपनाको भारी। रमाइलो मेला हप्ता दिन चल्यो।हप्तैदिन चल्यो राजनब, सोती बेनामी र पूजा मेला जाने र घर आउने क्रम।दुबैलाई लागेको थियो मेला अझै चलोस् तर सकियो।मेलाको अन्तिम दिन मध्यराति आकाशमा टहटह जून लागिरहेको थियो।

त्यस्तै जून प्रेमिल राजनब र सोती बेनामीको मनमा पनि लागेको हुँदो हो सायद।दुबैलाई उकुसमुकुस भएको थियो।यौवनले शान्त पार्नुपर्ने राजनबको मनलाई जूनको शितलताले के शान्त पार्नु।उठ्यो जुरुक्क।लगायो कपडा।मुखमै पर्नेगरी मोबाइलको टर्च बालेर ऐनामा आफूलाई चियाउने कोसिस गर्यो।

छर्यो अत्तर शरीरमा।सुस्तरी ढोका खोल्यो।निक्लियो बाहिर।हिँड्यो अदम्य साहस बोकेर युद्ध मैदान हिँडेको सिपाहीझैं।सरासर गयो बहिनी पूजाको घर।ढकढक ढकढक ढोका हान्यो।

दुर्भाग्य ! ढोका ढकढकाएको सुन्नुपर्ने प्रेमिकाले थियो।सुनी बहिनीले।पूजाले ढोका खोल्दा बाहिर लाचार शैलीमा उभिएको दाइलाई देखी।पूजा इन्तु न चिन्तु भई।अवाक् भई पूजा।भित्र गएर सोती बेनामीलाई भनी एकछिन बाहिर जाऊ रे, दाइले भन्नुहुन्छ।सोती बेनामीको खुसीको सीमा रहेन।आफूलाई सम्हाल्ने प्रयत्न गरी अनि उस्तै लाचार भएर बाहिर निक्ली।

## त्यसपछि के भयो ?

त्यसपछि............. त्यसपछि कयौं भेट भए।सयौं बसाइ भए।होटलका कोठा कोठाले उनीहरूलाई चिन्न पाए।चोक(चौतारीले देख्ने नदेख्ने देख्न पाए।समयका लहराहरू तन्किँदै गए।दिन बिते।रत बिते हप्ता बिते।बिते महिनौं महिना।

**एकदिन सोती बेनामीले प्रस्ताव गरी अब हामी बिहे गरौं।**

अकस्मात बिहेको कुराले राजनब झस्क्यो। ऊ सोती बेनामीसँग बिहे गर्नुपर्ने कुराले झस्किएको होइन। बरू ऊ त एक्कासि आएको बिहेको प्रस्तावले झस्किएको थियो। सोती बेनामीसँग घरबार बसाउने सपनासँगै नेपाल प्रहरीमा जागिर खाएर देशको सेवा गर्ने सपना पनि थियो ऊसँग। जबाफमा प्रेमिल राजनबले भन्यो सल्लाह गरौंला।

पहिले मलाई प्रहरीको सपना पूरा गर्न देऊ त्यसपछि प्रेमको सपना पुरा गरौंला। प्रेमिल राजनबको कुराले सोती बेनामी पनि झस्की तर केही भनिन। बरू प्रसंग बदलेर सोधी( एउटा कुरा सोध्छु नरिसाउने भए।

**तिमीले सोध्ने र म रिसाउने पनि हुन्छ त ! सोध न के के सोध्नुछ। राजनबले बाटो खोलिदियो।**

**तपाईंको नाम प्रेमिल राजनबुको अर्थ के होर**

**तिम्रो बेनामी नामजस्तै हो मेरो बेअर्थी नाम। जसको कुनै अर्थ छैन। अर्को रहस्यमय जबाफ फर्कायो राजनबले।**

**उसले सोचेको थियो आफ्नो कुरालाई प्रेमिकाले मजाक ठान्ली।**

**सोती बेनामीले भनी , कस्तो कुजाति कुरा गरेको। बिना अर्थको पनि नाम हुन्छ त?**

यति भनेर ऊ खित्त हाँसी। यसपटक उसको हाँसोले प्रेमिल राजनबको मुटुमा गहिरो चोट पुऱ्यो। आँखा राता भए उसका। कान ताता भए उसका। कुजाति कुरा यो शब्द सोती बेनामीले एकचोटि मात्र भूकम्प आउनेगरी बोलेकी हो।

तर यसको परकम्पका झड्काहरू उसको मन र मस्तिष्कमा बारबार आइरहे। यदि यो जोडीको प्रेम सम्बन्ध सफल भए मूना मदनको भन्दा कम हुन्थेन होला, कृष्ण र राधाको भन्दा कम हुन्थेन होला, लैना मज्नुलाई पनि मात खुवाउँथ्यो होला। तर वर्षौंदिन बित्दानबित्दै प्रेमका लहराहरू सुक्दै गए। बिछोडका लहराहरू झांगिँदै जान थाले।

**एकदिन सोती बेनामीले फेसबुकमा अफलाइन म्यासेज छोडी , सरी ल, मलाई माफी देऊ**

**भन्नाले? प्रेमिल राजनबले लेख्यो।**

**हाम्रो यात्रा यहीं सकिन्छ।**

**जबाफमा राजनबले लेख्यो म साँझ लिन आउँछु।**

**के तिमीलाई लिन आउँछु। नसके बदला लिन आउँछु।**

**अब नआउनु, अब नभेट्नू।**

**राजनब निस्शब्द भयो। कारण सोधन चाहेन कि उपयुक्त ठानेन कुन्नि केही सोधेन उसले।**

**फेरि उही कुरा दोहोर्यायो ( सके तिमीलाई लिन आउँछु। नसके बदला लिन आउँछु।साँझ आउँछु।**

सोती बेनामीले विषयलाई त्यती गम्भीर हिसाबले लिइन।

## मात्र लेखी ................

२०७७ जेठ १० गते राति।त्यसराति भेरी नदी बेस्सरी सुस्सायो।सानीभेरी र ठूलीभेरीबीच ठूलै युद्ध भएजस्तो सुनिन्थ्यो।राति अबेरसम्म सोती गाउँदेखि भेरी नदीको तीरसम्म चर्कोचर्को आवाज आइरहेको थियो।कोही समात् समात् भनिरहेका थिए।कोही नछोड् नछोड् भन्दै थिए।बचाऊ बचाऊ भन्थे कोही, कोही भेरीको पानीमा डुबेर पनि पानीपानी भन्दै चिच्याइरहेका थिए।

तँ चुच्चे नाके, तँ थेप्चे नाके, तँ बुच्चो नाके....................यस्तै केही भन्न खोजेका होलान् सायद सुन्नै नसकिने शब्दहरू पनि सुस्तसुस्त सुनिरहेका थिए।

उता पर कतै नेपथ्यबाट आवाज आइरहेको थियो।जात व्यवस्था मुर्दावाद।हाम्रो प्रेम अमर रहोस्।भोलिपल्ट बिहान भेरी नदीमा पूरै सन्नाटा छायो।

बगिरहेको पानी पनि रोकिएको हो कि जस्तै सुनसान थियो भेरी नदी।सधैं कन्चन निलो बग्ने भेरी नदी रातो बगिरहेको थियो।उस्तै रातो जति रातो ब्रह्माण्डका सबै मान्छेको शरीरबाट रगत बग्छ।रातो नदीको छेउमा चार जात छत्तीस वर्णका जस्ता देखिने फरकफरक आकारप्रकारका ढुंगाहरू थिए।

ढुङ्गाहरू भनिरहेका थिए।थुक्क चेतनशील मानवजाति, थुक्क तिम्रो जात व्यवस्था, बिचरो वीर गोर्खालीको इतिहास।भेरीमा लैलै लैलै गर्दै लासहरू बगिरहेका थिए।कोही चुच्चो, कोही थेप्चो र कोही बुच्चो समेत नाक भएका पाँच वटा लासहरू भेरीको पानीमा तैंरिरहेका थिए।

यसरी तैंरिरहेका थिएस सायद ती लासहरूलाई भेरीले बगाउन मानिरहेको छैन।पछिपछि अर्को मानव शरीर आयो।त्यसले क्याप क्याप गर्दै कि प्राण देऊ कि प्रेम देऊ भनिरहेको थियो।यसको नाक काट्टिएको थियो।नाक काट्टिएको शरीर प्रेमिल राजनब उर्फ राजनब विश्वकर्माको थियो।प्राण मात्र बाँकी रहेको राजनबको शरीरले थरथर कपाउँदै चोर औंला अघि बढायो।

**छवैमा रहेको बगरको सेतो ढुंगामा आफ्नै मुटुबाट चुहिरहेको रातो रगतले लेख्यो, रूकुम ३६**

# बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

## भूमे गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति: २०८१/०९/०३

यस कार्यालयबाट राष्ट्रिय दैनिक पत्रिका र PPMO e-GP System को www.bolpatra.gov.np/egp मा प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार दर्ता भई प्राबिधिक रुपमा सफल भएका बोलपत्रहरु मध्ये तपसिलमा उल्लेखित बोलपत्रदाताको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिको लागि सिफारिस भई आए बमोजिम सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) बमोजिम स्वीकृतिको आशयको सूचना सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीका लागि प्रकाशन गरिएको छ।

| क्र. सं. | ठेक्का नं. | कामको विवरण | बोलपत्र दाताको नाम र ठेगाना | कबोल गरिएको रकम (मु.अ.कर बाहेक) |
|---|---|---|---|---|
| 1. | EGP/BRMO/SQ/AMT/G-5/2081-82 | Procurement and supply of Mini Tiller for Farmer of Bhume R.M | Shree Kritiman Nirman sewa pvt. ltd, Tokha Na.pa-3, Kathmandu | रु. ५,४५,१३३.२७/- (अक्षेरुपी पाँच लाख पैचालीस हजार एक सय तेट्टीस रुपैयाँ सट्ठाईस पैसा मात्र) |

.............................
प्रमुख प्रशासकीय अधिकृत